नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)**
**(Enhanced Vocational Education and Training Project-II)**
बुद्धनगर, काठमाडौं

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं. ०७६/०७७
च.नं. ३३७

मिति: २०७७/०२/२८

**विषयः छात्रवृत्तिका लागि संस्थागत सिफारिस गर्ने सम्बन्धमा ।**

श्री व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रोबाट विपन्न लक्षित छात्रवृत्ति प्राप्त विद्यार्थी अध्ययनरत प्राविधिक विद्यालय/शिक्षालयहरू

यस परियोजनाबाट आ.व. २०७६/०७७ मा टिएसएलसी तथा डिप्लोमा तहमा प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिका लागि संस्थागत अनुगमन गरी विद्यार्थी अध्ययनरत रहेको संस्थागत सत्यापन गरी विद्यार्थीहरूको बैंक खातामा रकम पठाउने व्यवस्था रहेकोमा कोभिड-१९ को संक्रमणका कारण मुलुक बन्दाबन्दी (Lock down) को अवस्थामा रहेकोले उपर्युक्त अनुगमन कार्य संभव नभएकोले अन्तिम छनौटमा परेका विद्यार्थीहरू अध्ययनरत विद्यालय/शिक्षालयहरूले प्रमाणित गरेको विद्यार्थीको कबुलियतनामा फाराम (यस अघि नपठाएकाको हकमा) र तहगतरुपमा विद्यार्थीहरूको नामनामेसी, विद्यार्थीले प्राप्त गरेको टोकन नम्बर, पढेको विषय र आफ्नो शिक्षणसंस्थामा अध्ययनरत रहेको भन्ने विवरण खुल्नेगरी विद्यालयको लेटर प्याडमा भुक्तानीका लागि गरेको आधिकारिक सिफारिसका आधारमा छात्रवृत्ति प्रदान गर्नका लागि मिति २०७७/०२/२७ गतेको परियोजना कार्यान्वयन समितिले निर्णय गरेको हुँदा छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरूको माथि उल्लेखित विवरण आधिकारिक पदाधिकारीबाट सिफारिस गरी यथाशिघ्र इमेल वा अन्य इलेक्ट्रोनिक माध्यमबाट पठाई छात्रवृत्ति रकम भुक्तानी गर्ने कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

पुनश्चः कुनैपनि विद्यार्थीले अन्य संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको भए दोहोरो नपर्ने सुनिश्चत गर्नु हुन समेत अनुरोध गरिन्छ ।

इमेलका लागिः eventscholarship@gmail.com

२०७७/०२/२८
उद्धवराज कट्टेल
शाखा अधिकृत